# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं, फागुन १४ गते २०३६ साल [ अतिरिक्ताङ्क ६०

श्री ५ को सरकार

**वन मन्त्रालयको**

**सूचना**

पञ्चायती वन (पहिलो संशोधन) नियमावली, २०३६

पञ्चायती वन नियमावली, २०३५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, वन ऐन, २०१८ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "पञ्चायती वन (पहिलो संशोधन) नियमावली, २०३६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. पञ्चायती वन नियमावली, २०३५ को नियम २ मा संशोधन : पञ्चायती वन नियमावली, २०३५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को सट्टा देहायको नियम २ राखिएको छः–

"२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले वन ऐन, २०१८ सम्झनुपर्छ ।

५४९ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "स्वीकृत योजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत वन योजना सम्झनुपर्छ ।

३. मूल नियमावलीको नियम ३ मा संशोधन : मूल नियमावलीको नियम ३ को,–

(१) उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छ:–

"(१) पति वा पोथ्रा मात्र बाँकी रहेको सरकारी वन वा त्यसको कुनै भागमा वृक्षरोपण गरी वन जङ्गल हुर्काउनको लागि पञ्चायती वन कायम गर्दा एक गाउँ पञ्चायतको निमित्त तराई क्षेत्रमा भए साधारणतया दुई सय विगहासम्म र अन्यत्र भए साधारणतया पच्चीस सय रोपनीसम्म कायम गरिनेछ ।

स्पष्टीकरण:– "पोथ्रा मात्र बाँकी रहेको सरकारी वन" भन्नाले हालकै अवस्थामा रहेको रूखहरू संरक्षण गरेर मात्र वन जङ्गलको रूपमा हुर्काउन नसक्ने र घटीमा दुई-तिहाई क्षेत्रमा वृक्षरोपण गरेमा मात्र जङ्गलको रूपमा हुर्काउन सक्ने सरकारी वनलाई जनाउँदछ ।"

(२) उप-नियम (२) मा रहेको "नजोडिई छुट्टै" भन्ने शब्दहरूको सट्टा "छुट्टिने गरी स्पष्ट वन सीमाना" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल नियमावलीको नियम १२ मा संशोधन : मूल नियमावलीको नियम १२ को खण्ड (ग) र (घ) को सट्टा देहायका खण्ड (ग) र (घ) राखिएका छन्:–

"(ग) बगैंचा, खेती र फर्मको रूपमा जग्गा आबाद गर्ने,

(घ) वन सुरक्षाको लागि छाप्रोहरू बनाउन बाहेक अन्य घर छाप्रो बनाउन,"

५. मूल नियमावलीको अनुसूची १ मा संशोधन : मूल नियमावलीको अनुसूची १ को खण्ड (घ) पछि देहायका खण्ड (ङ), (च) र (छ) थपिएका छन्:–

"(ङ) मालपोत वा अरू कुनै तिरो तिरेको छ छैन–

(च) गत तीन वर्षभित्र सो वन क्षेत्रको जग्गा आवाद भएको छ छैन:–

(छ) वन डिभिजन कार्यालयले बनाएको कार्य योजना अनुरूप वन पैदावार बिक्री-वितरण गर्न इच्छुक छ छैन:–"

आज्ञाले–
मी. मु. प्रकाशमान सिंह
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।